# मिति २०७२ साल वैशाख १२ गते शनिवारका दिन नेपालमा आएको विनासकारी भुकम्प पश्चात् वैशाख २२ गते सम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गरेको कार्य प्रगति विवरण

- मिति २०७२ साल वैशाख १२ गते शनिवारका दिन आएको विनाशकारी भुकम्प पश्चात मुलुकमा उत्पन्न असहज परिस्थितिमा हवाई सेवाको नियमित सुसञ्चालन तथा भुकम्प प्रभावित नागरिकहरूको खोज, उद्धार तथा राहतकार्यलाई प्रभावकारी वनाउने सम्वन्धमा मिति २०७२/१/१२ गते तत्काल खोज, उद्धार तथा राहत कार्यको लागि निजी क्षेत्रका विमान कम्पनीवाट साना हेलीकप्टरहरू एकिकृत गरी तयारी हालतमा राखेको । अन्तर्राष्ट्रिय उडान सुचारू गराईएको ।
- मिति २०७२/१/१३ का दिनविहानै देखि अन्तर्राष्ट्रिय विमानस्थलमा आपतकालीन नियन्त्रण केन्द्र (ECC)सुचारू गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणका उच्च पदाधिकारीहरूको वैठक बसि आपतकालिन अवस्थामा सुचारू रूपले विमानस्थल सञ्चालन गर्ने सम्वन्धमा गम्भीर रूपमा छलफल गरी आवश्यक निर्णय लिईएको ।
- वैशाख १३ गते विहानै देखि सगरमाथा आधार शिविरमा रहेका ६१ जना घाईतेलाई उद्धार गरी काठमाण्डौ ल्याईएको र बैशाख १४ गते सगरमाथा क्याम्प एक र क्याम्प दुईमा अलपत्र परेका २१० जना पर्यटकहरूलाई सकुशल उद्धार गरी बेशक्याम्प ल्याईएको ।
- मिति २०७२/१/१४ गते देखि नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई २४सैं घण्टा सञ्चालनमा ल्याईएको ।
- विभिन्न मित्रराष्ट्रहरूवाट प्राप्त हुन आउने Rescue तथा Relief Flight हरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयबाटै यथाशीध्र उडान अनुमति प्रदान गर्ने व्यवस्था मिलाईएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा सञ्चालनमा रहेका यात्रुसेवा सुविधासँग सम्वन्धित सवै व्यवशायहरू २४सैं घण्टा सञ्चालनमा ल्याईएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वढ्दो एयर ट्राफिक तथा चौविसैं घण्टा सञ्चालन गर्नु परेको कारणले नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय तथा नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानमा कार्यरत प्राविधिक जनशक्ति तथा  विभिन्न निकायमा कार्यरत सिविल ईञ्जिनियर, एरोनोटिकल इञ्जिनियर, रेडियो ईञ्जिनियर, हवाई सुरक्षा लगायतका अन्य विधाका जनशक्तिलाई समेत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वैशाख १३ गतेदेखि नै परिचालन गरिएको ।
- अत्यावश्यक सेवा(सञ्चालन) ऐन, २०१४ बमोजिम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत सम्पूर्ण सरकारी र निजी क्षेत्रका कर्मचारीहरूलाई अनिवार्य रूपमा उपस्थित भई विमानस्थल सञ्चालनमा सकृय रहन निर्देशन जारी गरी २०७१।०१।२२ गते विहानसम्म विमानस्थललाई २४सै घण्टा निर्बाध रुपमा सञ्चालनमा ल्याउने व्यवस्था मिलाइएको ।
- विमानस्थलवाट सम्पादन हुने गतिविधिहरुको प्रभावकारीताको लागि मन्त्रालयका सचिव र सम्वन्धित महाशाखाका सह-सचिव समेतलाई मिति २०७२/१/१३ गते देखि विमानस्थलमै रही सम्पूर्ण कार्यको समन्वय र सहजीकरण गर्ने गरी परिचालन गरिएको ।

- सवैतिरबाट सम्पदाहरु अत्यधिक मात्रामा ध्वस्त भएको समाचारहरु आउन थालेपछि मानवीय उद्धारका साथसाथै अत्यन्तै महत्वपूर्ण रहेका काठमाडौं उपत्यका विश्व सम्पदा स्थलका सात वटा संरक्षित स्मारकहरु मध्ये हनुमानढोका र पाटन संरक्षित स्मारक क्षेत्रको तत्कालै महानिर्देशकको नेतृत्वको टोलीबाट निरीक्षण गरिएको तथा कर्मचारीहरुलाई तत्काले निरीक्षण एवं क्षतिको विवरण तयार गर्न फिल्डमा खटाइएको ।
- पर्यटन विभाग, अध्यागमन विभाग, नेपाल पर्यटन बोर्ड र HAN, TAAN, HRA, NMA लगायत निजी क्षेत्रका पर्यटन व्यवशायीहरूसँग समन्वय गरी संयुक्त पर्यटन सूचना केन्द्र सञ्चालनमा ल्याई दैनिक रूपमा सुचना अध्यावधिक गर्ने गरिएको ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गतका सवै निकायहरूका कर्मचारीहरूलाई राहत तथा उद्धार कार्यमा सहभागि हुन निर्देशन दिईएको ।
- प्राचिन स्मारक तथा पुरातात्विक सम्पदाहरूको क्षतिको पुरातत्व विभागले अनुगमन गरी डाटा संकलन गरिरहेको २०७२ बैशाख १४ गते विभिन्न संचार माध्यमहरुबाट प्रकाशन तथा प्रसारण भएका समाचारहरुको भयावह स्थितिलाई मध्यनजर गर्दै तत्कालिन अवस्थामा अन्य विभिन्न निकायहरुबाट भई रहेको विपद् व्यवस्थापनमा सहयोग गर्ने र त्यसतर्फ कुनै नकारात्मक असर नपार्ने गरी स्मारकहरुको संरक्षण गर्न तत्कालिन गर्न सकिने कार्यहरुमा उपलब्ध भएसम्मका आफ्ना कर्मचारीहरुलाई खटाई ध्वस्त एवं क्षतिग्रस्त भएका स्मारकहरुको फोटोग्राफिक अभिलेखीकरण (Photographic Documentation) तथा विवरण संकलन गरिएको ।
- पुरातत्व विभागका महानिर्देशकको नेतृत्वमा भक्तपुर, हनुमानढोका, पाटन, चाँगुनारायण क्षेत्रको पटक पटक निरीक्षण गरी उक्त क्षेत्रका क्षतिग्रस्त स्मारकहरुको जानकारी लिनुका साथै तत्कालिन विपदका समयमा सुरक्षा निकायसँग आवश्यक समन्वय गरी सम्पदाहरुको सुरक्षा समेतलाई ध्यान दिई उद्धार कार्यमा जुट्न सहयोगी भूमिका निर्वाह गरिएको ।
- अनावश्यक रुपमा सर्वसाधारण तथा अन्य सवै वर्गमा असहज परिस्थिति सृजना गर्ने मनसायबाट अनर्गल फैलिएका हल्लाहरुलाई सम्बोधन गर्न तत्कालै गोरखापत्र दैनिकमा पहिलो पटक साँस्कृतिक सम्पदाको सुरक्षा गर्न, चोरी निकासी-नष्ट विगार गर्ने कार्यहरु नगर्न र त्यसो गरेमा ऐन बमोजिम सजाय हुने सम्बन्धी सर्वसाधारणका लागि सूचना प्रकाशन गरिएको ।
- माल वाहक चार्टर विमानहरूलाई काठमाण्डौ विमानस्थलमा अवतरण गर्ने गराउने सम्वन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवको अध्यक्षतामा मिति २०७२/१/२० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सम्वद्व निकायका पदाधिकारीसमेतको उपस्थितिमा वैठक वसि १९६ टन भन्दा कम ल्याण्डीङ्ग वेट (Landing Weight) अथवा Restricted Take off Weight(RTOW) भएका विमानहरूलाई मात्र अवतरण अनुमति दिने निर्णय भएको ।
- भुकम्पपछि उत्पन्न असहज परिस्थितिको कारण विमानस्थल परिसर फोहर हुन गएकोले मिति २०७२/१/१५ गते विहान विमानस्थलको फोहोर व्यवस्थापनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नेतृत्व र सकृयतामा नेपाल नागरिक उड्डयन प्राधिकरण, पर्यटन विभाग, नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड, सुरक्षा निकायका उच्च पदाधिकारीहरू, नेपाल वायुसेवा सञ्चालक संघका प्रतिनिधिहरू, पर्यटन

व्यवशायीहरू तथा स्वदेशी तथा विदेशी हवाई यात्रुहरू समेतको सहभागितामा सरसफाई गरी करिव डेढ टन फोहर संकलन तथा व्यवस्थापन गरी विमानस्थल सफा सुग्घर गरिएको ।

- प्रलयकारी भूकम्पबाट उत्पन्न महाविपद्को अवस्थामा उद्धार तथा राहत कार्य व्यवस्थापन गर्ने सिलसिलामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयस्थित आपतकालीन नियन्त्रण केन्द्र (ECC) को समन्वयमा दिनभरी विमानस्थलवाट भए गरेका कार्यहरूको समीक्षा गरी प्रत्येक दिन वेलुका सो सम्वन्धमा सम्वन्धित सबैको जानकारीको लागि प्रेस विज्ञप्ती जारी गर्ने गरिएको ।
- खोज, उद्धार तथा राहत कार्यको लागि नेपाली सेनाका १० वटा, भारतीय वायुसेनाका १३ (काठमाण्डौ वेश ६ र पोखरा वेश ७) तथा नेपाली निजी वायुसेवा कम्पनीका १३ वटा गरी ३५ वटा हेलिकप्टरहरूलाई परिचालित गरिएको यसैगरी अमेरिकी वायुसेनाका ४ वटा ओस्प्रे **(Osprey MV22)** तथा एक **UH1Y** विमानहरूलाई पनि खोज तथा उद्धार कार्यको लागि परिचालित गरिएको ।
- निजी क्षेत्रका वायुयानवाट गरिने खोज तथा उद्धार कार्यको प्रभावकारी समन्वय तथा परिचालनको लागि गृह मन्त्रालय, नेपाली सेना, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरू सम्मिलित एक कार्यदललाई आन्तरिक विमानस्थलमा खटाईएको ।
- मिति २०७२/१/२२ सम्म विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूवाट २३६ वटा उद्धार तथा राहत उडान भएका छन् ।
- नेपाली सेना तथा नेपाल वायुसेवा निगमसँगको समन्वयमा विभिन्न मित्रराष्ट्रहरूले विमानवाट पठाएका उद्धार तथा राहत सामग्रीहरूको समयमै व्यवस्थापन गर्ने प्रवन्ध मिलाईएको ।
- वैशाख १२(April 25 -4 May) देखि २२ गतेसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित, चार्टर र राहत तथा उद्धार समेत गरी कुल ३६२० उडानहरू भएका छन् ।
- बढ्दो हवाई ट्राफिकको अवस्थालाई मध्यनजर गरी हवाई सुरक्षा तथा उडान सुरक्षामा अझ बढी ध्यान दिई उडान सञ्चालनमा केन्द्रित हुन निर्देशन दिईएको ।
- २०७२ बैशाख १७ गते पुरातत्व विभागवाट खटाईएका कर्मचारीहरुबाट प्राप्त विवरणहरुलाई आकस्मिक प्रतिवेदन एवं तथ्याङ्कीय विवरणका रुपमा तयार गर्ने कार्यलाई निरन्तरता दिंदै अद्यावदिक गर्ने कार्य गरिएको ।
- काठमाण्डौ विमानस्थललाई आधार मानेर वायुयान मार्फत धादिङ्ग, गोरखा, नुवाकोट, सिन्धुपाञ्चोक, रसुवा, दोलखा, सिन्धुली, ओखलढुंगा, रामेछाप र सोलुखम्वुवाट उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिएको ।
- मिति २०७२/१/२१ गतेसम्म खोज, उद्धार तथा राहत कार्यको लागि खटिएका विमानहरूमध्ये नेपाली सेनाका विमानहरूले ७७१ उडान गरी १९२१ नेपाली नागरिक र १११ विदेशी पर्यटक गरी जम्मा २०३२ घाइतहरूको उद्धार गर्नुका साथै ९६३५२ के.जी. राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको त्यसैगरी भारतीय वायुसेना तथा स्थल सेनाका १३ विमानहरूले ५१५ उडान गरी ६२४ घाईते र २१७१ जना भुकम्प पिडीतहरूको उद्धार गर्नुका साथै २०८९३० के.जी. उद्धार सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको । साथै निजी क्षेत्रवाट सञ्चालित हेलिकप्टरहरूवाट ५००० भन्दावढी स्वदेशी तथा विदेशी घाईते तथा विपद्मा परेकाहरूको उद्धार गरिएको र ७५६७० के.जी. उद्धार सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको ।